नेपाल माझी उत्थान संघ
केन्द्रीय समिति
NEPAL MAJHI UTTHAN SANGH
Central Committee
Estd: 2054

प्रेस विज्ञप्ती

नेपालमा बासोबास गर्ने माझी समुदायहरुको महान पर्व लदि (कोसी) पुजाको सन्दर्भमा यहाँहरु भेटघाट गर्ने पाउँदा मलाई अत्यन्त खुशी लागेको छ । यसै सन्दर्भमा यहाँहरु समक्ष केही माझीहरुको र लदि (कोसी) पुजाको विषयमा केहि कुरा राख्न चाहन्छु ।

नेपाल सरकारले सूचिकृत गरेको ५९ आदिबासी जनजाति मध्ये माझी जाति पनि एक हो । खोला तथा नदि किनारमा बसोबास गर्ने यो जाति माछा मार्ने, डुङ्गा चलाएर आफ्नो जिविकोपार्जन गर्ने जातिको रुपमा चिनिए पनि हाल आएर यी पेशाहरुबाट जिविकोपार्जन हुन छाडे पछि बढि जसो खेतीपाती गरेर आफ्नो जिविकोपार्जन गर्ने गरेका छन् । यसका अलवा ज्याला मजदुरी, साना तिना जागिर तथा विदेश जाने प्रचलन पनि हाल प्रशस्त मात्रमा छ ।

यो जातिको आफ्नै भाषा, धर्म, संस्कार संस्कृति, भेषभुषा, रहन सहन र सामाजिक परम्परा छ । यो अन्य जातिकोसँग मेल खादैन । त्यसैले यो जातिको छुट्टै पहिचान छ भन्दा फरक पर्दैन । जातिय स्वभाव अत्यन्त सोझा मिजासिला र मेहनती यो जाति, सकेसम्म आफ्नो समुदायमा मात्र बस्न रुचाउछन् । अन्य समुदाय रहेको गाउँमा यो जातिको एक्लै घर रहेको पाउँन मुस्किलै पर्छ । सम्भवत पाईदैन ।

विषेश गरि सप्तकोशी नदिका छेउछाउ, भित्री मधेश र तराई क्षेत्रमा यो जातिको बढि बसोबास रहेको हामी पाउँछौं । हिमाली क्षेत्रमा यो जातिको बसोबास रहेको पाईदैन । हाल तराईका सहनी, थारु, मुसहर भित्रि मधेशमा बोटे नेपालका खस क्षेत्रीहरु र रायमाझीहरुले समेत माझी लेख्ने भएकोले बास्तविक माझीहरुको पहिचान संकटमा परेको छ । तराईका पानी अचल जाति मुसहरले समेत माझी लेख्ने भएकोले तराईमा बसोबास गर्ने माझीहरुले कुश्वार लेख्ने गरेको छन् । त्यसकारण माझीको पहिचानमा अझ संकट थपिएको छ ।

सरकारले आदिबासी जनजातिको बर्गिकरणमा अतिसिमान्तकृत जातिकोरुपमा बर्गिकरण गरेको यो जातिको जनसंख्या २०७८ सालको जनगणनालाई आधार मान्ने हो भने १,११,३५२ रहेको छ । तथापि यो संख्या भन्दा बढि रहेको माझी बुद्धिजिवी तथा जानकारहरु बताउँछन् ।

यो जातिले बोल्ने छुट्टै भाषा छ । जसलाई माझी भाषा भनिन्छ । यो भाषा भारोपेली भाषा परिवार अन्तर्गत गर्दछ । सुनकोशी, तामाकोशी, दुधकोशी क्षेत्रहरुमा यो भाषा बढि मात्रामा बोलिन्छ भने अन्य ठाउँमा छिटफुट मात्रामा बोलिन्छ तथापि कुनै ठाउँमा यो भाषा बोल्ने मानिस पाउँन कठिन छ ।

यसरीनै यो भाषाको लोप हुदै जाने हो भने एक दिन यो भाषा पुर्णरुपमा लोप हुनेछ । ठाउं विशेष यो भाषाको शब्द उच्चारणमा केहि फरक रहेको पाईन्छ । नेपाल सरकारले २०७८ सालमा गरेको जनगणनामा यो भाषा बोल्नेको संख्या ३२,९१७ रहेको तथ्याङ्क छ ।

नेपाल माझी उत्थान संघ
केन्द्रीय समिति
NEPAL MAJHI UTTHAN SANGH
Central Committee
Estd: 2054

Regd No : 469-064
SWC Affiliation No: 58327
Pan No : 603181030
Add : Barahashastra-11
Sunsari, Nepal
E-mail: nmus054@gmail.c
Web : www.nmus.org.np

लदि (कोशी) पुजा :

माझीहरुले हिन्दुहरुको सिको गरेर विभिन्न किसिमका हिन्दु चाडपर्वहरु जस्तै दशै तिहार लगायत अन्य चाडपर्व मनाउँने गर्दछन । तथापि ऐतिहाँसिक महत्वको हिसावले अरु सवै चाड मध्ये लदि (कोशी) पुजा माझीहरुमा प्रमुख चाड हो । यो चाड विशेष किसिमले पानीको स्थानीय रुपमा जहाँ जुन खोला नदि छ त्यसलाई पुजा गरेर चाडको रुपमा मनाउँने गर्दछन् । माझीहरुको साझे संस्था नेपाल माझी उत्थान संघको २०६५ साल माघ २८ गतेको केन्द्रिय समितिको बैठकले यसलाई राष्ट्रिय चाडको रुपमा घोषण गरेको छ । ठाउँ विशेष रुपमा यो चाड बैशाख, असार, माघ र फाल्गुणमा मनाईने भएता पनि हाल नेपाल माझी उत्थान संघकै पहलमा देश भरिनै फाल्गुण महिनाको साईली (तेश्रो) मगलबार मनाउने गरिएको छ । त्यस भन्दा पहिले धेरै जसोले फागुन महिनार ठाउँ अनुसार फरक फरक मितिमा मनाईने गरेको पाईन्छ ।

माझीहरुले यो चाड कहिले देखि अनाउँदै आएका हुन त ? भनेर अहिले एकिन गरेर भन्न सकिने अवस्था रहेको छैन । यस बारे ऐतिहाँसिक दस्तावेज नभएकोले अझै यस बारे थप खोज अनुसन्धान हुन जरुरी छ । तर पनि थिति मिति ठ्याक्कै नभएता पनि केहि बुढा पुरानाहरुको भनाईलाई आधार मान्ने हो सयौ वर्ष पहिले नदिमा वारपार गर्नको लागि पुलको व्यवस्था थिएन एक मात्र साधन भनेको माझीको डुङ्गा चढेर मात्र नदि वारपार गर्न सकिन्थ्यो । यो त केहि बर्ष अगाडि सम्म मात्रैपनि देख्न सकिन्थ्यो हाल सम्मपनि सप्तकोशी र यसका सहायक नदिहरुमा कतै कतै देख्न सकिन्छ । त्यसवेला राजाहरुले एक राज्यबाट अर्को राज्यमा लडाई गर्न जान पर्‌यो वा कुनै कारणले जान पर्‌यो भनेपनि नदि तर्न माझीको डुङ्गाको सहायता लिन पर्थ्यो । यसको अन्य कुनै विकल्पनै थिएन । त्यस समयमा माझीहरुले तार घाट चलाउनु पर्ने कारणले गर्दा नेपाल एकिकरण गर्नुभन्दा पहिले देखिनै माझीहरुले भोगचलन गरीआएको सम्पुर्ण जग्गा माझीहरुलाई किपट दिएको हो ।

यसै बेला कुनै एक दिन एकजना राजालाई नदि तर्नु पर्ने भयो र माझीको सहायताले नदि तर्न डुङ्गमा चढ्नु भयो । माझीले पनि राजालाई पार लाउनको लागि डुङ्गालाई हेल्नु भयो तर दुर्भाग्य नदिको विचमा पुगेपछि डुङ्गा टक्क अडियो पानी आफ्नै रफ्तारमा बगेको बग्यै छ तर डुङ्गा विचमा अड्किनुलाई भने राजाले अचम्म माने र दुर्घट्नामापो परिन्छकि भनेर राजाले माझीलाई भन्नु भयो । 'माझीदाई जसरी हुन्छ यो डुङ्गालाई पार लाउन पर्‌यो र दुर्घट्नाबाट बचाउनु पर्‌यो; । अनि माझीले आँखा चिम्म गरेर पुकारा गदै भाकल गर्नु भयो । हामीलाई जसरी पनि यो संकटबाट बचाई दिनु पर्‌यो, तिम्रो नाममा पुजा गर्छौं । सायद माझीको पुकारा नदिले सुनिनकि क्याहो त्यस पछि सहजै रुपमा डुङ्गा पार लाग्यो । त्यहि भाकल गरे देखि नदिको पुजा गर्न थालिएको हो र त्यसैको सिलसिला अहिले पनि चलि रहेको छ । त्यसैको अहिलेको रुप लदि (कोशी पुजा) हो भनेर भन्ने गरिएको किम्वदन्ति पनि सुन्न पाईन्छ ।

लदि (कोशी) पुजाको महत्व :

माझी जाति प्रकृतिसँग अत्यन्त निकट रहेको जाति हो । यो जातिको परम्परागत पेशाको रुपमा डुङ्गा चलाउने, माछा मार्ने र कृषि कार्य गर्नेले पनि यो कुराको पुष्टि गर्दछ । अझ धर्मपनि यो जातिको प्रकृतिक पुजक (तान्त्रीक) हो । प्रकृतिसँग यिनिहरुको हरेक कुरा गाँसिएको हुन्छ । खोला नदि किनारमा बसोबास हुनुले पनि यो कुरालाई पुष्टि गर्दछ । अझ प्रकृतिकरुपमा पनि पानीसँग यिनिहरुको सामिप्यता अझै बढि छ । हुन त पानी विना कुनैपनि प्राणी जगतको कल्पना गर्न समेत सकिदैन । तरपनि यो जातिको भने अरुको भन्दा अलि भिन्न

नेपाल माझी उत्थान संघ
केन्द्रीय समिति
NEPAL MAJHI UTTHAN SANGH
Central Committee
Estd: 2054

Regd No.: 469/504
SWC Affiliation No: 56327
Pan No: 603161930
Add: Barahakshetra-11, Sunsari, Nepal
E-mail: nmus054@gmail.com
Web: www.nmus.org.np

किसिमको सम्वन्ध छ । अन्य मानव समुदायको पानी सामान्य वाँच्चको लागि प्रयोग हुने वस्तु होला तर यो समुदायको दैनिक व्यवहारीक जीवनमा पनि यसको ठूलो महत्व छ ।

यसरी दैनिक जिवनमा पानी र माझी विच एक किसिमको अत्यन्त घनिष्ठ सम्वन्ध छ । त्यसै कारणले होला माझी र पानीलाई जोडेर विभिन्न किसिमको सहित्यक कृतिहरुपनि रचना गरिएका छन् । यसरी आफु निकट रहेकोलाई खुशि पार्न सवै चाहन्छन । त्यसै भएकोलेनै होला माझी पनि पानीलाई, अथवा लदिलाई धन्यछौ तिमि छौरपो हकाम्रो गुजारा चलेको छ । हाम्रो पेशा चलेको छ । हाम्रो व्यवहार चलेको छ । हामी यो धर्तिमा वाँच्न पाएको छु । भनेर पानीलाई पुजा गरिन्छ । तिमि विना हाम्रो भावि जिवन अन्धकार छ । साँच्चै हो यदि पानी नहुने हो भने मानव जिवनको कल्पना समेत गर्न सकिदैन त्यसकारण यसको ठूलो महत्व छ । यस्तो सर्वथा महत्वको वस्तुलाई पुजा गरेर पुकारा गरेर माझीहरु भन्ने गर्दछ । हे जलदेवि हाम्रो सुख र शान्तीको निम्ति हामी पुकारा गछौं । हामीलाई कहिले अनिष्ट नहोस सदै सुख शान्ती छाई रहोस ।

पुजाको पूर्व तयारी :

लादि (कोशी) पुजा आउन लागे पछि गाउँ भरिका मान्छे फाल्गुणको पहिलो मंगलवार भेला हुन्छन र कसरी पुजा गर्ने भनेर छलफल गर्छन । कस कसको के के जिम्मेवारी हो भनेर छलफल समेत गर्दछन । पुजाको लागि बलि दिनु पर्ने पुजा सामाग्री हरु क-कसले खोज्ने भन्ने जस्ता कुराहरु समेत तय गर्छन त्यसको लागि के कति रकम संकलन गर्नु पर्ने हो कति अन्न संकलन गर्नु पर्ने हो के के सामाग्री खरिद गर्ने भन्ने जस्ता कुराहरु पनि छलफल गर्ने गरेको पाईन्छ । पछिल्ला चरणमा आएर पुजाको अवसर पारेक राज्यका आथिल्लो आहोदाको व्यक्तित्वहरुलाइ बोलाएर भाषण गरी विभिन्न खालका कार्यक्रमहरु गर्ने गरेको पनि पाईन्छ । वास्तवमा यस्ता खालका कार्यक्रमहरु गर्ने परम्परा भने पहिला पहिला नरहेको माझी संस्कार संस्कृतिका जानकार व्यक्तिहरु बताउछन । यसरी पुजाको लागि गरिने पुर्व तयारीको रुपमा भेला भई छलफल गरिन्छ भने केहि छलफलमा छुटेका कुराहरुलाई आपसी भेटघाटमा पनि तय गरिन्छ र सामान्यतया अघिल्लो वर्ष गरेका काम कुराहरुलाईनै निन्तरता दिने गरेको पाईन्छ । यसरी अव पुजा कसरी गर्ने भन्ने कुराको तय हुन्छ । संकलन गरेको चालमबाट चोखोनितो लिपपोत गरी नुहाएर चोखो मुखले (केही नखाई) मर्चा मोलेर जाँड राख्नेकाम पुजारीले (जो लोग्ने मान्छे हुन्छ) गर्ने गर्दछन र भोली पल्ट जाँड उठि सके पछि (घ्याम्पा हाली सके पछि) मात्र पुजारीले खानपान गर्दछन । प्राय सवै जसो जाँड मिठो हुन्छ जाँड मिठो भयो भने देउता खुशी भएको र जाँड नमिठो भयो भने देउता रिसाएको भन्ने भनाई छ । यो जाँडनै पुजाको लागि तयार गरेको जाँड हुन्छ र पुजाको दिन चढाईन्छ ।

पुजाको पहिलो दिन :

पुजाको पहिलो दिन अर्थात फाल्गुणको तेश्रो (साईली) मंगलबार पुजाको शुरुको दिन हो । यो दिन शुरुमा सवैले आफ्ना घरका कुल, पित्रि र अन्य देवी देवतालाई सम्झना स्वरुप घरमा लिपपोत, चोखोनितो गरी जाँड, रक्सी, कुखुरा काटेर कुखुराको मासु, माछा, केरा, रोटी दियो बालेर टपरी र दुनामा चढाउने चलन छ । कुनै कुनै ठाउँमा नजिक रहेको देवी देवताको थानमा गएर पनि पुजा गर्ने चढाउने चलन छ भने कुनै ठाउँमा यसो नगरी खोलामानै गएर स्थानीय रुपमा मान्ने सवै देवी देवता स्थापना गरी पुजा गर्ने चलन रहेको छ । वास्तवमा यो केहो हाम्रो वास्तविक परम्परा केहो ? भन्ने सम्वन्धमा अनुसन्धानको विषय हुन सक्छ । त्यस पछि गाउँ भरिका मानिसहरु जम्मा भएर खोलामा जान्छन । त्यस पछि पुजारीले गोवरले लिपपोत गरी मुलरुपमा स्थानीय खोला

नेपाल माझी उत्थान संघ
केन्द्रीय समिति
NEPAL MAJHI UTTHAN SANGH
Central Committee
Estd: 2054

Regd No.: 499/504
SWC Affiliation No: 56327
Pan No.: 603161030
Add.: Barahakshetra-11, Sunsari, Nepal
E-mail: nmus054@gmail.com
Web: www.nmus.org.np

नदिलाई, भिमसेन र त्यस पछि त्यहाँ रहेको स्थानीय देवी देवताको हुङ्गाको स्तम्भ बनाउने काम हुन्छ । स्थानीय देवी देवता ठाउँ अनुसार फरक फरक हुन पनि सक्छ यसरी स्थापना भएका देवी देवताको थानलाई चोखो गोवले लिपपोत गरी फुल अक्षेत चढाई धुप दियो गर्ने चलन छ । देवी देवता अनुसार विभिन्न किसिमको भोगको रुपमा बली दिने गरिन्छ ।

बली दिँदा नदि अनुसार विभिन्न खालको भोग खाने भन्ने चलन अनुसार कुनै नदिमा पाठी त कुनै नदिमा बोका कुनै ठाउँमा सुगुर पनि पुजा गर्ने चलन छ । जस्तै सिन्धुलीको मरिणखोलाम बोका भोग दिने चलन छ भने सिन्धुलीकै कमलाखोलमा पाठी भोग दिने चलन छ । यसरी देवताको प्रतिमुर्तिको रुपमा स्थापना भएको देवी देवतालाई स्थानीय देवी देवतालाई वली दिने, फलफूल अक्षेता चढाउने र भेटीपनि चढाउने चलन छ । यी स्थापना भएको देवी देवतालाई महिलाहरुले पुजा गर्नु हुदैन देवता रिसाउँछन भन्ने चलन अनुरुप अहिलेपनि केहि ठाउँमा पुजा गर्न नजाने चलन अहिले पनि कायमै छ भने केहि ठाउँमा भने पुजा गर्न जाने चलन छ । अनि किन महिलाहरु पुजा गर्न नगएकोत भन्दा यसका जानकारहरुले यो हाम्रो पहिले देखिकै चलन हो भनेर ठोस उत्तर नआएता पनि हामी माझीहरुको सामाजिक परम्परा अनुसार महिलाहरुले मासिक महिनावारी बार्ने गरेको चलन नभएकोले महिनावारी भएको महिला गएमा देवी देवता रिसाउँछन भनेर वरु सवै महिलाहरुनै नगए पछि महिनावारी भएको महिला जाने कुरै भएन भन्ने हिसावले यो गरिएको होकी भनेर अनुमान लगाउँन सकिन्छ । तर हाल यो धेरै ठाउँमा महिलाहरुपनि पुजा गर्ने जाने चलनले व्यापकता पाई सकेको छ ।

यसरी पुजा आजा गर्दा माझीहरुले देवी देवतालाई प्रार्थना गरि सवै मसान, भुतप्रेत, रोगव्याध हटोस, दुःख पिरमार्क हटोस सुव्वेफाव्वे होस, कुनै पिरपिराउँ नहोस, अन्नबाली राम्रो सप्रियोस, अन्नबाली धन सम्पत्तिको सहहोस, सत्रुको कुरा मुनि हाम्रो कुरो माथि पारी देउ लौ परमेश्वरी मनले चिताएको कुरा पुरा होस भनेर पुकारा गरेर बली दिन थालिएको पशु तथा पंक्षिको टाउकोमा अक्षेता पानी सिन्दुर हालेर मनाउने गरिन्छ । तीन पटक सम्म बलि दिने पंक्षिले टाउको हल्लाए पछि भगवान खुशी हुनु भयो भनेर बलि दिईन्छ । अनि त्यहाँ उपस्थित सवै व्यक्तिहरुले पालैपालो पुजा गर्छन र आफुलाई चाहिएको वर माग्छन ।

बली चढाएको पशु पंक्षिको मासु प्रसादको रुपमा सवैले ग्रहण गर्दछन । अनि त्यस पछि त्यहाँ खानपिनको काम हुन्छ । उपस्थित सवैले तहाँ उपलब्ध भएको कसैले जाँड रक्सी त जाँड रक्सी नखानेहरुले चिउरा मासु खान्छन र नाचगान रमाईलो गर्दछन । त्यस पछि त्यहाँ जो नयाँ व्यक्ति आउँछ उसलाई पनि खानपिनको व्यवस्था गरिएको हुन्छ । पहिला पहिला (अहिले पनि केहि ठाउँमा) खोलाको पुजा स्थलमा माझी बाहेकका कुनैपनि जातजाति प्रवेश प्रतिवन्ध थियो भने हाल यो खुकुलो भएको छ । विशिष्ट व्यक्तित्वहरुलाई निम्तोनै गरेर पुजामा र भोज भतेरमा सामेल गराउने चलन छ । अनि दिनभरी रमाईलो सँग खानपिन, नाचगान गरेर बेलुका पख रमाईलो गदै घरजाने गर्दछन । घरजाने बेलामा देवतासँग विदा माग्दछन् । विदा माग्दा "तिमिले खायौ भोग हामीले खायौ भोज तिम्रो सक्के गरेनौ हाम्रो सक्के गर्यौ" । अक्षेता पाती धुप बत्तिबाली विदा माग्दछन र बाटोमा होल्लरे गाउँदै फर्कन्छन । यो अहिले सवै ठाउँमा गर्दैनन् । होल्लरे गाउँदा अलि अस्लील शब्दको समेत प्रयोग भएको पाईन्छ भने अहिले यसमा सुधार आएको छ । होल्लरे गाउँदा एक माना तोरीको दुई माना तेल होस्..... जस्ता गीत गाउँदै होल्लरे भन्दै रमाईलो गदै आ आफ्नो घर जान्छन । यसरी महिलाहरु खोलामा नजाने ठाउँहरुमा महिलाहरु पुजारीको घरमा नाचगानमा व्यस्त भएका हुन्छन भने महिलाहरु खोलामा जाने ठाउँहरुमा

सँगै फर्कन्छन । यसबेला पुजारीलाई पुजारीकी श्रीमतीले गोडा धोई भित्र्याउछन र सबैले सगुन खान्छन र विशेष गरी युवा युवतीहरु रातभर नाचगान गरि रमाईलो गरी बिताउछन । यसरी पहिलो दिन धुमधामसँग पुजाआजा गरि रमाईलो गरी बिताउँछन । यो दिनमा घरको सामान्य काम बाहेक कसैले पनि काम गर्नु हुदैन । जस्तो खेतबारी जोत्ने, घाँस दाउरा काट्ने, ढिकी जाँतो गर्ने काम गर्नु हुदैन यदि कसैले सो कामहरु गरेमा जरिवाना गर्ने चलन छ । जरिवानाको रुपमा एक घ्याम्पा जाँड र एउटा कुखुराका अण्डा जरिवाना तिर्नु पर्छ । हाल यो परम्परा पनि विस्तारै लोप हुदै जान लागेको आभाष हुन्छ ।

पुजाको दोश्रो दिन :

लदि (कोसी) पुजाको दोश्रो दिन गाउँ भरिका मानिसहरु विहानै पुजारीको घरमा जम्मा हुन्छन । अघिल्लो दिन भएको पुजाको बारेमा केहि समिक्षा समेत गर्ने गर्दछन । र केहि विधिको काम समेत गर्दछन । हाम्रो समाजमा राक्षसलाई मावन संहारकर्ताको रुपामा लिईन्छ त्यसैले राक्षसलाई ध्वस्त गर्नु पर्छ भन्ने उद्धेश्यले धान कुट्ने ओखललाई राक्षसको प्रतिकको रुपमा लिईन्छ र त्यसलाई धनुषकाँढले हानेर लडाईन्छ । सामान्यतया धनुषकाँढले हानेको भरमा ओखल लडेन भने धकेलेर भए पनि लडाउनु पर्छ र सबैले राक्षस माथि विजय प्राप्त गरेको उपलक्ष्यमा खुशीले ताली बजाउँछन र विजय उत्सव मनाउँछन । अब हामीले राक्षस माथि पनि विजय प्राप्त गर्‌यौ अब हामीलाई उन्नती प्रगति हुन्छ, कृषि उत्पादन बढ्छ । धन सम्पत्ति अन्नमा सह आउँछ भन्ने कुरामा विश्वास गर्दछन खुशियाली मनाउँदछन । हाल आधुनिकता सँगै सबै गाउँमा धान कुट्ने ओखल नपाउँन पनि सकिन्छ यस्तो अवस्थामा एउटा ओखलको प्रतिकको रुपमा ओखल जस्तै बनाएर राखीएको हुन्छ त्यसलाईनै धनुष काँडले हानेर लडाईन्छ ।

गाउँ भरिका युवाहरु जम्मा भएर यसपालीको सब भन्दा बलियो को रछ भनेर बल दाँज्नको लागि गोलो ढुङ्गालाई छेलो हान्ने चलन पनि छ । सब भन्दा टाढा छेलो जसले हान्छ उनै बलवान ठहरिन्छ र स्याबासीपनि पाउँछ र फेटा बाँधि दिने चलनपनि छ । लादि पुजाको कारणले जेजे काम गर्न बाधा पुगेको थियो जस्तै हलो जोत्न, दाउरा काट्न, घाँसपात गर्न सबै काम गर्नको लागि आजबाट फुक्यो है भने औपचारिकरुपमा बुढापाकाले घोषण गर्दछन । हिजो पनि हाम्रो रिसराँग, द्धेश, ईश्या थिएन आज पनि छैन र भोली पनि रहने छैन भनेर मिलिजुली बस्छौ भनेर साईनो अनुसार ढोगभेट गर्दछन । अनि सबै मिलेर सगुन खाने गर्दछन ।

पुजाको अन्तिम दिन :

यो दिन सबैलाई औपचारिक विदा गर्ने दिन हो । यो दिन गाउँका बुढापाकाहरु मान्यगन्यहरु र पुजारी समेतको उपस्थितिमा भान्सेलाई विदा गर्ने चलन छ । पुजारीले हामीले लदि (कोसी) को पुजा गर्‌यौ । जे जान्यौ त्यहि गर्‌यौ । पुजाको प्रसाद आफु पनि खायौ अरुलाई पनि खुवायौं । जसले जे जन्याथ्यौ त्यहि गर्‌यौ, भान्साको काम जान्नेले भान्साको काम गर्‌यौ, भन्ने पनि गरिन्छ । युवाहरुले त्यस दिन छेलो फाल्ने (ढुङ्गा लाई पर सम्म फाल्ने) र डोरी तान्ने पनि गरिन्छ, जसले छेलोलाई पर सम्म फाल्दछ उसलाई विजय घोषित गरिन्छ र स्याबास पनि दिईन्छ भने कतै कतै फेटा बाँधि दिएर हौसला दिने चलन पनि छ । यसरी सबै सँग साईनो अनुसार ढोगभेट गरि सकेपछि पाहुनाहरु विदा गरि सकेपछि पुजा समाप्त हुन्छ ।

नेपाल माझी उत्थान संघ
केन्द्रीय समिति
NEPAL MAJHI UTTHAN SANGH
Central Committee
Estd: 2054

पत्रकार मित्रहरु

यो साल लदि(कोसी) पुजा २०८१ साल फाल्गुण २० गते परेको व्यहोरा पनि जानकारी गराउन चाहन्छु । यो अवसरमा देशै भरीका माझी समुदायले नजिकका नदि खोलामा गएर भव्य रुपले नदि खोलाको पुजा गर्ने गर्दछन । त्यो दिन माझीहरुको सघन बस्ती भएका स्थानीय तहहरुले सार्वजनिक विदा समेत दिने गरेका छन् । बागमती प्रदेशले समेत गत बर्ष र यो वर्षपनि माझी समुदायहरुलाई सार्वजनिक विदा दिने घोषण गरेको व्यहोरा जानकारी गराउन चाहन्छौं । नेपाल माझी उत्थान संघ केन्द्रिय समितिको आयोजनामा मिति २०८१ साल फाल्गुण २० गते विहान ११ वजे देखि मकवानपुर जिल्लाका बकैया गाउँपालिका वडा नं. ६ जुईनामा बागमती प्रदेशका माननीय मुख्यमन्त्री बहादुर सिंह लामा (तामाङ) को प्रमुख आतिथ्यताका शुभकामना आदान प्रदान कार्यक्रममम हुने व्यहोरा समेत जानकारी गराउन चाहन्छौं ।

चिनिमाया माझी

अध्यक्ष

नेपाल माझी उत्थान संघ केन्द्रिय समिति

मिति २०८१ फाल्गुण १८ गते